# अर्जुनधारा नगरपालिका विपन्न नागरीक सहायता कोष स्थापना, संचालन र व्यवस्थापन सम्बन्धि कार्यविधि २०७८

कार्यपालिकामा पेश भएको मिति:२०७८/११/१२गते

कार्यपालिकाबाट स्वीकृत मिति:२०७८/११/१२गते

प्रमाणित मिति:२०७८/११/१६ गते

अर्जुनधारा नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

शनिश्चरे, झापा

प्रदेश- १

## प्रस्तावना

लोककल्याणकारी राज्यको अवधारणा अनुसार आर्थिक रुपले विपन्न, निरपेक्ष गरिबीको रेखामुनी रहेका, दिर्घ रोगी, हिंसा पीडित तथा बेचविखनमा परेका व्यक्तिहरु,विपन्न, अशक्त, असहाय, अपाङ्ग, वेवास्तामा परेका महिला र आफ्नो हेरचाह आफै गर्न नसक्ने महिलाहरुका लागि न्यूनतम सहयोग गर्न नेपालको संविधानको धारा ४३ को सामाजिक सुरक्षा संम्बन्धि मैलिक हकको कार्यन्वयन गर्न र "एकल महिला सुरक्षा कोष (संन्चालन) नियमावलि, २०७०" को नियम ३ ख अनुसार विपन्न नागरीक सहायता कोष स्थापना, संचालन र व्यवस्थापन संम्बन्धी कानून बनाउन वाञ्छनिय भएकोले अर्जुनधारा नगर कार्यपालिकाले कार्यविधि बनाएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यस कार्यविधिको नाम "अर्जुनधारा नगरपालिका विपन्न नागरीक सहायता कोष स्थापना संचालन सम्बन्धि कार्यविधि २०७८" रहेको छ।

(२) यो कार्यविधि नगरपालिकाले स्वीकृत गरेको मितिदेखि लागु हुनेछ ।

२. परिभाषाः विषय प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "नगरपालिका" भन्नाले अर्जुनधारा नगरपालिका लाई समझ्नु पर्छ।

(ख) "नगर कार्यपालिका" भन्नाले अर्जुनधारा नगर कार्यपालिकालाई सम्झनु पर्दछ।

(ग) "सहायता पाउने योग्य व्यक्ति" भन्नाले घरेलु हिंसा यौन हिंसाबाट आक्रान्त र पीडित एंव बेचविखनमा परेका,जोखिमपूर्ण श्रममा संलग्न भएको वा जबरजस्ति श्रम पिडित भएको, शारिरीक वा मानसिक यातना वा भेदभाव जस्ता दुर्व्यवहारबाट पीडित, यौन शोषण, बेचविखन वा ओसारपसारमा परेको हिंसा पिडित, अपांगता भएको, सुस्तमनस्थिति भएको, अपहरण वा शरिर बन्धकमा परेको, एंच आई भी एडसबाट संक्रमित महिला, निरपेक्ष गरिबिको रेखामुनी रहेको भनि प्रमाणित भएको मुटु, मृगौला, फोक्सो जस्ता शरिरका महत्वपूर्ण अंगहरुका रोगि एंव क्यान्सर पिडित महिलाहरु, असाहय, असक्त एवं आफ्नो हेरचाहा आफै गर्न नसक्ने व्यक्ति बुझनु पर्दछ।

(घ) "नगर प्रमुख" भन्नाले अर्जुनधारा नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ।

(ङ) "उप प्रमुख" भन्नाले अर्जुनधारा नगरपालिकाको उपप्रमुखलाई सम्झनु पर्दछ।

(च) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले अर्जुनधारा नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनु पर्दछ।

(छ) "न्यायिक समिति" भन्नाले अर्जुनधारा नगरपालिका अन्तरगतको न्यायिक समिति सम्झनु पर्दछ।

(ज) "वडा अध्यक्ष" भन्नाले अर्जुनधारा नगरपालिकाको वडा अध्यक्षलाई सम्झनु पर्दछ।

(झ) "पिडित महिला" भन्नाले लैङ्गिक हिंसा, यौन हिंसा, शारिरिक वा मानसिक हिंसामा वा अन्य विविध कारणले हिंसामा परेको महिलालाई सम्झनु पर्छ ।

(ञ) "कोष" भन्नाले दफा ३ बमोजिमको कोष सम्झनु पर्दछ।

## परिच्छेद २
## कोषको स्थापना

३. कोषको स्थापनाः

(१) विपन्न तथा हिंसा पीडित नागरिकका लागि राहत तथा सहायता उपलब्ध गराउन "विपन्न नागरिक सहायता कोष" नामको एक कोष स्थापना गरिएको छ ।

(२) कोषमा देहाय बमोजिमका रकमहरु रहनेछनः-

(क) नगरपालिका बाट विनियोजित रकम,

(ख) नेपाल सकारबाट प्राप्त रकम,

(ग) प्रदेश सरकारबाट प्राप्त रकम,

(घ) स्वदेशि व्याक्ति, संघ वा संस्थाबाट नियमानुसार प्राप्त रकम,

(ङ) नेपाल सरकारको स्वीकृतिमा विदेशी व्यक्ति, संघ वा दातृ निकायबाट प्राप्त रकम।

(३) कोषको संन्चालन प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको अधिकृत र लेखा अधिकृतको संयुक्त दस्तखतबाट संन्चालन हुनेछ।

४. कोषमा रकम जम्मा गर्नेः विपन्न तथा हिंसा पीडित नागरिकका लागि राहत तथा सहायता उपलब्ध गराउन नगरपालिकाले वार्षिक रुपमा रु ५ लाख नघट्ने गरि कोषमा रकम विनियोजन गर्नुपर्नेछ ।

५. कोषको उपयोगः

(क) विपन्न एवं हिंसा पीडित व्यक्तिलाई राहत दिन तथा आर्थिक सहयोग उपलब्ध गराउन,

(ख) असहाय पीडित व्यक्तिलाई कानुनी सहायता प्रदान गर्न,

(ग) पीडित व्यक्तिलाई औषधि उपचार गर्न,

(घ) पीडित व्यक्तिलाई तत्काल उद्धार गर्न,

(ङ) घरेलु हिंसा, यौन हिंसाबाट आक्रान्त र पीडित एंव बेचविखनमा परेका व्यक्तिहरुको उद्धार र राहत प्रदान गर्न,

(च) जोखिमपूर्ण श्रममा संलग्न भएको वा जबरजस्ती श्रम पीडित भएको, शारिरीक वा मानसिक यातना वा भेदभाव जस्ता दुर्व्यवहारबाट पीडित व्यक्तिलाई राहत प्रदान गर्न,

(छ) लैङ्गिक हिंसा संम्बन्धि न्ययिक तथा अदालतको निर्णय बमोजिम न्याय दिलाउन,

(ज) पीडितको लागि नगरपालिकाले तोके बमोजिमको अन्य काममा ।

६. कोषको रकम अन्य काममा प्रयोग गर्न नसकिने:

(१) कोषको रकम दफा ५ मा लेखिए बाहेकको अन्य काममा उपयोग गर्न सकिने छैन।

(२) कोषको रकमबाट कुनैपनि प्रकारको प्रशासनिक खर्चहरु गरिने छैन ।

## परिच्छेद ३

## बिपन्न सहायता सम्बन्धि मापदण्ड

७. हिंसा पीडित तथा वेचविखनमा परेकालाई सहायता:-

(१) घरेलु हिंसा, यौन हिंसाबाट आक्रान्त र पिडित एंव बेचविखनमा परेका व्यक्तिहरुको तत्काल उद्धार गरी जिवनयापनको लागि आवश्यक व्यवस्थापन गर्न वा न्यायिक समितिको काम कारवाहि क्रममा आई परेको विशेष परिस्थितिमा न्यायिक समितिले पीडितलाई न्याय दिलाउन एंव पुर्नस्थापनाको लागि नगर प्रमुख समक्ष सहायताको सिफारिस गर्न सक्नेछ।

(२) दफा ७ को उपदफा (१) बमोजिमको सिफारिसको आधारमा त्यस्ता व्याक्तिलाई नगर प्रमुखले अधिक्तम रु दशहजार रुपैंया सम्मको खर्च रकम उपलब्ध गराउन सक्नेछ।

(३) यसरी अनुदान दिएको रकम दफा ११ बमोजिमको समितिबाट अनुमोदन गर्नु पर्नेछ ।

८. आर्थिक रुपले विपन्न र पीडित व्यक्तिलाई सहायता:- आर्थिक कारणले जोखिमपूर्ण श्रममा संलग्न भएको वा जबरजस्ती श्रमबाट पिडित भएको, शारिरीक वा मानसिक दुर्व्यवहारबाट पीडित, यौन शोषण, यौन दुर्व्यहार, बेचविखन वा ओसारपोसारमा परेको, वावु आमा वा संरक्षक बाट बञ्चित भएको, अपहरण वा शरिर बन्धकमा परेको, एच. आई. भी. एड्सबाट संक्रमित बालिका तथा महिला भएमा तत्काल उद्धार गरि पालनपोषणको लागि सम्वन्धित वडा अध्यक्षको प्रमाणित एंव सिफारिस बमोजिम समितिको निर्णय अनुसार आर्थिक सहायता उपलव्ध गराउन सकिनेछ।

९. अन्य सहायता: समितिको निर्णय अनुसार पीडित व्यक्तिका लागि आवश्यकता अनुसार सहायता प्रदान गर्न सक्नेछ ।

१०. दोहोरो सहायता प्रदान नहुने: यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नगरसभा वा नगर कार्यपालिकाको निर्णयबाट आर्थिक सहायता पाइसकेका तथा यस कोषबाट सहायता प्राप्त गरेकालाई नगरसभा वा कार्यपालिकाबाट सहायता प्रदान गरिने छैन ।

## परिक्षेद- ४

## समितिको गठन

११. समितिको गठन:

(१) पीडितलाइ राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनका लागि एक समितिको गठन गरिने छ ।

(२) समितिको गठन देहाय बमोजिम हुनेछः-

| | |
|---|---|
| (क) नगर उपप्रमुख | संयोजक |
| (ख)प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (ग) सामाजिक विकास समितिका संयोजक | सदस्य |
| (घ) स्वास्थ्य शाखाको प्रमुख | सदस्य |
| (ङ) प्रहरी कार्यालयको प्रमुख(जनपथ) | सदस्य |
| (च) महिला तथा बालबालिका शाखा | सदस्य सचिव |

१२. समितिको काम, कर्तब्य र अधिकारः समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विपन्न तथा पिढित महिलालाई प्रदान गरिने सहयोगका संम्बन्धमा मापदण्ड तयार गर्ने,

(ख) पीढितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने,

(ग) राहत तथा आर्थिक सहयोगको सदुपयोग भए नभएको संम्बन्धमा अनुगमन गर्ने वा गराउने,

(घ) लैङ्गिक हिंसा हुन नदिनको लागि स्थानियस्तरमा जनचेतना मुलक कार्यक्रम संन्चालन गर्ने,

(ङ) लैङ्गिक हिंसा निवारण संम्बन्धि अन्य काम गर्ने वा गराउने,

(च) आर्थिक सहायताको विवरण अध्यावधिक गर्ने ।

## परिक्षेद- ५

## विविध

१३. रकम भुक्तान गर्ने कार्यविधिः

(क) दफा ७ को उपदफा (२) बमोजिमको हकमा दफा ७ को उपदफा (१) बमोजिम सिफारिसको प्रतिलिपि , नगर प्रमुखको निर्णय/सिफारिस र नागरिकताको प्रतिलिपि।

(ख) अन्य रकमको हकमा समितिको निर्णय तथा महिला बालबालिका शाखाको सिफारिस पत्र र संम्बन्धित व्यक्तिको नागरिकताको प्रतिलिपि ।

१४. रकम फ्रिज नहुनेः प्रचलित कानुनमा जुन सुकै कुरा लेखिएको भए तापनि कोषको रकम खर्च नभई आर्थिक वर्षको अन्त्यमा बाँकि रहेमा त्यस्तो रकम फ्रिज हुने छैन ।

१५. प्रतिवेदन पेस गर्नेः समितिले गरेका कार्यको बार्षिक प्रतिवेदन महिला तथा बालबालिका शाखाले नगर कार्यपालिका समक्ष चौमासिक रुपमा प्रतिवेदन गर्नु पर्नेछ ।

१६. अभिलेख राख्नेः समितिले गरेका काम कारवाहिको अभिलेख महिला तथा बालबालिका शाखाले दुरुस्त राख्नु पर्नेछ ।

१७. कोष खारेज हुन सक्नेः

(१) कुनै कारणबस कोष संन्चालन गर्न आवश्यक नभएमा वा नदेखिएमा नगरपालिकाको निर्णयबाट कोष खारेज गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कोष खारेज भएमा कोषमा रहेको रकम नगरपालिकाको खातामा स्वत जम्मा हुनेछ ।

१८. कोषको लेखा परिक्षणः कोषको आन्तरिक लेखा परिक्षण आन्तरिक लेखा परिक्षकबाट र अन्तिम लेखा परिक्षण महालेखा परिक्षकबाट हुनेछ ।

१९. विविधः

(१) यो कार्यविधिको कार्यान्वयनलाई थप प्रभावकारी र व्यवस्थित बनाउन नगरकार्यपालिकाले आवश्यकता अनुसार थपघट, हेरफेर वा संसोधन गर्न सक्नेछ ।

(२) यस कार्यविधिको कार्यान्वयनमा कुनै वाधा अवरोध वा अस्प्रष्टता भएमा त्यस्तो वाधा अवरोध हटाउन नगरकार्यपालिकाले आवश्यकता अनुसार व्यवस्था गर्न सक्ने छ ।